कन्सोर्टियम-नेपाल
Consortium Nepal

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह**

# मासिक कार्यसम्पादन पत्र

**सेप्टेम्बर, २०२४**

**वर्ष : ३, अंक : ९**

## सेप्टेम्बर २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. राष्ट्रिय बाल दिवस २०८१ को मूल समारोहमा राष्ट्रिय बाल पैरवी परिषद्को सदस्यबाट मन्तब्य




**१४ सेप्टेम्बर, २०२४** नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद्ले राष्ट्रिय बाल दिवसको आयोजना गरेको थियो । उक्त कार्यक्रममा सम्पुर्ण नेपाली बालबालिकाको तर्फबाट राष्ट्रिय बाल पैरवी परिषद्को सदस्य प्रेक्षा अधिकारीले मन्तव्य राख्नु भएको थियो । आफ्नो प्रस्तुतिको क्रममा बालबालिकाको क्षेत्रमा भएका असल अभ्यास र समस्याको बारेमा चर्चा गरिएको थियो । मन्तव्यमा बालबालिकामा लगानीको सवाललाई समावेश गरी बालबालिकामा लगानीका सम्वन्धमा नेपाल सरकारको साझा प्रतिवद्धतासहित सरोकारवालाहरुको समेत ध्यान केन्द्रित गर्दै, नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद् लगायत सम्वद्ध सबै निकाय र सरोकारवालाहरुप्रति नेपाली बालबालिको तर्फबाट आभार व्यक्त गर्नुभएको थियो ।




प्रदेश र स्थानीय तहमा बालअधिकार समिति गठन गर्ने स्पष्ट व्यवस्था छ। यी नीतिहरूमा स्थानीय स्तरमा बालबालिकाको कोष स्थापना गर्ने, बाल कल्याण अधिकारीहरू नियुक्त गर्ने र बालबालिकाको कल्याणमा सहयोग गर्ने सल्लाहकार र सामाजिक कार्यकर्ताहरू नियुक्त गर्ने समावेश छन् । बालबालिकालाई हिंसा, दुर्व्यवहार र शोषणबाट जोगाउने प्रयाससँगै स्वास्थ्य सेवा, पोषण, स्वच्छ खानेपानी र सरसफाइ जस्ता अत्यावश्यक सेवाहरूलाई पनि प्राथमिकतामा राखिएको छ । विशेष सुरक्षाको ग्यारेन्टी गरिएको छ, र विद्यालय भर्ना अभियान, मिड-डे मील कार्यक्रमहरू, र प्राथमिक उपचार सुविधाहरू जस्ता पहलहरूले देशभरका बालबालिकाहरूलाई फाइदा पुर्‍याएका कुराहरुलाई समेटेर सरकारबाट भएका पहलहरुको बारेमा प्रस्तुत गरिएको थियो । त्यसैगरी विद्यालयमा सेनेटरी प्याडको व्यवस्था भएपछि कुनै पनि बालिका महिनावारीका कारण घर फर्कनु नपर्ने कुरा राखिएको थियो। प्रस्तुतिको क्रममा बाल नेतृत्वले तयार गरिएको भिएनआर प्रतिवेदन सातवटै प्रदेशको आवाजबाट सङ्कलन गरिएका सुझावहरू पनि उल्लेख गरिएको थियो । बालबालिकाको मानसिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न, बालबालिकाको गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्न, विद्यालयमा शारीरिक तथा मानसिक हिंसा रोक्न, यौन तथा प्रजनन सम्बन्धी आवश्यक

कार्यक्रमहरूमा लगानी बढाउन सबै तहका सरकारमा बालबालिकाको सार्थक सहभागिता जस्ता सुझावहरूको बारेमा चर्चा गरिएको थियो ।

यसै क्रममा जलवायु परिवर्तनको असरबाट बालबालिका सबैभन्दा बढी जोखिममा रहेको , अनलाईन सुरक्षा ,नीति तथा कार्यक्रममा बालबालिकालाई सहभागिता गर्ने अभ्यास नभएको , प्रविधि र सामाजिक सञ्जालका कारण बालबालिकामाथि अनलाइन दुर्व्यवहार र शोषणका घटना बढ्दै गएको कुरा प्रस्तुत गरिएको थियो ।

## २. कन्सोर्टियम नेपालको २५ औं साधारण सभा सम्पन्न

**१६ सेप्टेम्बर, २०२४-** कसोर्टियम नेपालको २५ औं साधारण सभा सम्पन्न भएको छ । उक्त साधारण सभामा सातै प्रदेशको सदस्य संस्थाहरुको सहभागिता रहेको थियो । साधारण सभामा वार्षिक



कार्यक्रमको समीक्षाका साथै भावी कार्ययोजनाका सम्बन्धमा छलफल भएको थियो । कार्यक्रममा वार्षिक लेखा तथा संचालन भएका कार्यक्रम सम्बन्धि बिस्तृत प्रगतिबारे प्रस्तुत गरिएको थियो । कार्यक्रममा संचालित गतिबिधिहरुको बारेमा सदस्य संस्थाहरुबाट सुझाब संकलन गरिएको थियो । सुझाव संकलनका क्रममा उपस्थित सहभागीहरुले आफ्नो विचारहरु राख्नु भएको थिए ।

## ३. राष्ट्रिय बाल सहभागिता सम्मान गौरी प्रधानलाई

**१६ सेप्टेम्बर, २०२४-** कन्सोर्टियम नेपालले हरेक वर्ष प्रदान गर्ने राष्ट्रिय बाल सहभागिता सम्मान २०८१ बाट गौरी प्रधानलाइ सम्मानित गरिएको छ । लामो समय देखि बाल अधिकारको क्षेत्रमा



क्रियाशील तथा नेपालको बालअधिकार आन्दोलनका प्रणेता प्रधानलाई संजालद्वारा संचालित बालिका सहभागिता र सशक्तिकरणका लागि नागरिक संवाद कार्यक्रम र वार्षिक साधारण सभाको अवसर पारेर सम्मान प्रदान गरिएको थियो । बाल सहभागिता सम्मान २०८१ बाट सम्मानीत प्रधानलाई कार्यक्रमका प्रमुख अतिथि एवं महिला आयोगका अध्यक्ष माननीय कमल पराजुलीले दोसल्ला ओढाएर सम्मानपत्रद्वारा सम्मान गर्नुभएको थियो ।

प्रधानले आजभन्दा झण्डै चार दशक अगाडिको नेपालमा पहिलो पटक बालबालिकाका हक अधिकारका विषयलाई अगाडि सार्नु भएर बालअधिकार आन्दोलनको बिजारोपण गर्नुभएको थियो । बालअधिकार विशेषत: जोखिम परिस्थितिमा रहेका बालबालिकाको संरक्षण तथा अधिकार प्रवर्द्धनकै क्रममा बालसहभागितालाई पनि उत्तिकै प्राथमिकतामा राखेर प्रधानले बालअधिकार अभियन्ता सामु उदाहरण प्रस्तुत गर्नु भएको थियो । प्रधानले बालक्लबलाई न्यायलयबाट वैधानिकता दिलाउन सर्वोच्च अदालतमा परेको मुद्धाको सुनवाई र फैसलालाई बालअधिकारमुखी बनाउन बालअधिकारका ज्ञाताका रूपमा मौलिक

अधिकार र बालसहभागिता सुनिश्चित गर्नका साथै नेपालको सम्बिधान (२०७२) लाइ कार्यन्यनका निम्ति महत्वंपुर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

नेपालको बालअधिकार आन्दोलनमा बालअधिकार सबैको सरोकार, बालबालिकाका लागि बालबालिकाका साथमा, बालबालिका शान्ति क्षेत्र हुन् जस्ता नवीन सोचहरू अगाडि सारेर बालअधिकार आन्दोलनलाई वैचारिकताको क्षेत्रमा महत्वपुर्ण योगदान प्रदान गर्नु भएको थियो । यसका साथै प्रधानले “बालबालिका राष्ट्रिय गौरव हुन्” भन्ने अवधारणा प्रस्ताव गरिदिएर बालअधिकार आन्दोलनलाई थप अर्को गुन लगाइदिनु भएको छ ।

यसरी नेपालमा बालसहभागिता अभिवृद्धिका साथै नेपालको बालअधिकार आन्दोलनलाई सहि मार्गनिर्देश प्रदान गर्ने यस बृहत् अवधारणाले बाल सहभागितालाई विशेष महत्त्व दिएको कुरा उल्लेखनीय गर्दै माननीय पराजुलीले उहाको योगदानको कदर गर्दै सम्मान गर्नुभएको थियो ।

## ४. बालिका सहभागिता र सशक्तिकरणको लागि नागरिक संवाद तथा मस्यौदा नीतिपत्रमाथि छलफल कार्यक्रम



**१६ सेप्टेम्बर, २०२४-** GSIF/ OVN को सहयोगमा कन्सोर्टियम नेपालले बालिका शिक्षा, संलग्नता र सशक्तिकरणका सम्बन्धमा सरोकारवालाहरूसँग विभिन्न छलफलहरू सञ्चालन गरेको थियो । यस छलफलबाट सुझाव संकलन गर्ने उद्देश्यकासाथ तयार पारिएको नीतिपत्रको सम्प्रेषण गरिएको थियो । छलफलमा बाल अधिकार अभियान्ता विष्णु बहादुर खत्रीले बालिका शिक्षा, संलग्नता र सशक्तिकरणका चुनौती, अन्तर, समस्या समेटिएको नीतिको मस्यौदा प्रस्तुत गरेका थिए । खत्रीले बालिकाहरूलाई सशक्तिकरण गर्न विशेष नीतिहरूको महत्त्वलाई जोड दिनुका साथै गरिबी र अन्यायको चक्रलाई पार गर्न शिक्षाको भूमिकालाई जोड दिनु भएको थियो । मस्यौदाले विशेष गरी ग्रामीण र गरिबी क्षेत्रहरूमा बालिकाहरूले शिक्षा पहुँचमा असमानताहरू सामना गर्ने जस्ता धेरै महत्त्वपूर्ण मुद्दाहरू उल्लेख गरिएको थियो । खत्रीले बालविवाह र लैङ्गिक हिंसाले शैक्षिक उपलब्धिमा ठूलो प्रभाव परेको बताएका थिए । बालिकाहरुलाई नेतृत्व र निर्णय प्रक्रियामा सहभागिता बढाउने रणनीतिहरूको बारेमा चर्चा गरिएको थियो । कार्यक्रममा विभिन्न संजालका प्रतिनिधि, बालबालिका, नागरिक समाजका व्यक्तित्व विकासका साझेदार , महिला आयोगका प्रतिनिधि , NACG का अध्यक्षको उपस्थिती रहेको थियो ।




## ५. कन्सोर्टियम नेपालको वार्षिक सामाजिक परिक्षण २०८१ सम्पन्न




**१५ सेप्टेम्बर, २०२४-** कन्सोर्टियम नेपालको वार्षिक सामाजिक परिक्षण २०८१ सम्पन्न भएको छ । कन्सोर्टियम नेपालको आर्थिक वर्ष २०२३-२०२४ को वार्षिक कार्यक्रमका गतिविधि र वित्तीय गतिविधिहरुको उपलब्धि बारे जानकारी गराउने लक्ष्य राखी यस सामाजिक परिक्षण आयोजना गरिएको थियो । साथै यस

सामाजिक परिक्षणबाट कार्यक्रमको गुणस्तरीय मापदण्डका साथै वित्तीय पारदर्शितामा सुधार गर्ने लक्ष्य राखेको थियो । कार्यक्रममा बालबालिका प्रतिनिधि , गैरसरकारी संस्था महासंघ नेपाल, राष्ट्रिय बाल अधिकार परिषद् , NACG लगायत विभिन्न साझेदार संस्था, बाल अधिकारसंग सम्बन्धित सञ्जालहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रमुख अतिथि बागमती प्रदेशको सामाजिक विकास मन्त्रि हरिप्रभा खड्की रहनु भएको थियो । कन्सोर्टियम नेपालले यस सामाजिक लेखा परिक्षणबाट सुधार, सहयोग जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न सरोकारवालाहरूबाट सल्लाह र सुझाब सङ्कलन गरिएको थियो । यस कार्यक्रमको सहजीकरण बाल अधिकार अभियन्ता रबिन नेपालीले गर्नुभएको थियो ।


## ६. बालबालिका र सरकारी प्रतिनिधिहरु विच अन्तरक्रिया कार्यक्रम



**१३ सेप्टेम्बर, २०२४**बालबालिका र सरकारी प्रतिनिधिहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सरकारी प्रतिनिधित्व गर्दै श्रम, रोजगार तथा यातायात मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उपसचिवहरुको उपस्थिति रहेको थियो । अन्तरक्रिया कार्यक्रमको क्रममा बालबालिकाको नेतृत्वमा तयार गरिएको VNR प्रतिवेदनमा आएका सुझावहरु माथि बालबालिकाहरुले प्रश्न गरेका थिए । उक्त प्रश्नमाथि रहेर कार्यक्रममा उपस्थित विभिन्न मन्त्रालयका प्रतिनिधिहरुले प्रतिबद्धता सहितको आफ्नो भनाईहरु व्यक्त गरेका थिए। । कार्यक्रममा विभिन्न साझेदार संस्था, बालबालिका, मन्त्रालय लगायत संजालका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । अन्त्यमा सेभ द चिल्ड्रेनको तर्फ बाट आयुष श्रेष्ठद्वारा उपस्थित सहभागीहरुलाइ धन्यवाद मन्तब्य राख्दै कार्यक्रमको समापन गरिएको थियो ।

## ७. अन्तराष्ट्रिय मन्चमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य नेपालको प्रतिनिधित्व

सेप्टेम्बर ११ ,२०२४ मा संचालन भएको समिट अफ द फ्युचर एन्ड बियन्ड सम्बन्धि भएको कार्यक्रममा राष्ट्रिय बाल पैरवी परिषद् (ल्ञ्ऋब्ऋ) सदस्य आशुतोष कार्कीले नेपालको प्रतिनिधित्व गरेका थिए । साथै उक्त छलफल अर्थपूर्ण सहभागिता, सूचनामा पहुँच, र स्वस्थ वातावरणमा बालबालिकाहरुको अधिकार सम्बन्धी बालबालिका र युवाहरूको अधिकार प्रवर्द्धनमा केन्द्रित थियो। यस छलफलका क्रममा बालबालिकाको अधिकार र वातावरणमा पर्ने प्रभावको विषयमा छलफल भएको थियो। भविष्यका पुस्ताका लागि स्वच्छ र स्वस्थ वातावरण सुनिश्चित गर्न विश्वव्यापी सहयोगको आवश्यकतामा जोड दिँदै वातावरणीय नीतिसँग सम्बन्धित निर्णय प्रक्रियामा बालबालिका र युवाहरूको आवाजलाई समावेश गर्ने महत्त्वलाई जोड दिईएको थियो ।




वक्ताको रुपमा आशुतोष कार्कीले स्वैच्छिक राष्ट्रिय समीक्षा (ख्ल्च) प्रक्रियासँग नेपालको अनुभव सुनाएका थिए र आफ्नो देशका बालबालिकाहरूले स्वैच्छिक

राष्ट्रिय समीक्षा प्रतिवेदनहरूलाई आकार दिन कसरी सक्रिय रूपमा भाग लिएका छन् भनी व्याख्या गरेका थिए ।

उनको अन्तर्दृष्टिले बाल सहभागितामा उत्कृष्ट अभ्यासको उदाहरणको रूपमा ख्ल्च प्रयोग गरी औपचारिक नीति समीक्षाहरूमा युवा आवाजहरू समावेश गर्ने महत्त्वलाई चर्चा गरेको थियो । उनले UNEP / UNCRC का प्रतिनिधिहरूलाई चारवटा महत्वपूर्ण प्रश्नहरू राखेर प्यानलका सदस्यहरूलाई पनि संलग्न गराए, छलफलले ग्लोबल साउथका बालबालिकाका लागि सान्दर्भिक मुद्दाहरूलाई सम्बोधन गर्ने सुनिश्चित गरेको थियो । उनका प्रश्नहरूले सूचनामा बालबालिकाको पहुँच, वातावरणीय नीतिहरू बनाउनमा उनीहरूको भूमिका, र विशेष गरी कम प्रतिनिधित्व नभएका क्षेत्रहरूमा बालबालिकाको आवाजलाई विस्तार गर्न विश्वव्यापी संस्थाहरूबीचको सहकार्यमा केन्द्रित रहेको थियो ।

## प्रादेशिक गतिबिधि

### १. राष्ट्रिय बाल दिवस, २०८१

### कोशी प्रदेश



६०औं राष्ट्रिय बालदिवस, २०८१ लाई भव्य रुपमा मनाउने सन्दर्भमा कार्यक्रमको अवधारणा तयार गरि मिति २०८१ भाद्र २९ गते कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय बाल दिवस, समुदायसँग बालसंरक्षणका कुरा मुल समारोह राष्ट्रिय बालदिवस, २०८१ को अवसरमा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ कोशी प्रदेश, सामाजिक विकास मन्त्रालय र विराटनगर महानगरपालिका वडा नं.३ को आयोजना र बालबालिकासँगकार्यरत संस्थाहरुको समन्वयमा बालसंरक्षण प्रणालीको विषयमा समुदाय तहसम्म सुसुचित वनाउनका लागि यस कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ रहेको वडाका टोलहरुवाट समुदायका अभिभावकहरु, बालबालिकाहरु, यस वडामा रहेका विद्यालयहरु, टोल विकास संस्थाका प्रतिनिधीहरु, जनप्रतिनिधीहरु रहनु भएको थियो । कार्यक्रममा बालसंरक्षण प्रणालीमा कार्यरत सरोकारवालाहरुको कार्यप्रदर्शनी, मञ्चको कार्यक्रम रहनेछ । कार्यक्रम राष्ट्रिय बालअधिकार परिषद् प्रदेश समन्वय अधिकृत श्री सुमन अधिकारीको अध्यक्षता, कोशी प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्री पाँचकर्ण राईको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका नि.सचिव श्री फणिन्द्र खत्री, नेपाल प्रहरी प्रदेश कार्यालय धरानका प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक श्री जयराज सापकोटा, जिल्ला समन्वय समितिका उपप्रमुख श्री उषा झा, वडा नं.३ का वडाध्यक्ष श्री बासुवहादुर वस्नेत, जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख श्री नवराज कार्की, बालसञ्जाल वडा का अध्यक्ष श्री आश्रिति अधिकारी, टोल विकास संस्थाका अध्यक्षज्यूहरु,कन्सोर्टियम नेपालका केन्द्रिय सदस्य श्री स्वस्तिका पोखरेल, पत्रकार महासंघ जिल्ला शाखाका सचिव श्री नेत्र पि अधिकारी, गैसस महासंघका प्रदेश सदस्य श्री जमुना सिग्देल, मानव अधिकार आयोग प्रदेश कार्यालयका मानव अधिकार अधिकृत श्री जयन्त थापा,



विद्यालयका प्रमुख तथा प्रतिनिधीहरु, टोलवासी नागरिकहरु, बालबालिकाहरुको सहभागिता रहेको थियो । कन्सोर्टियम नेपालका केन्द्रिय सदस्य तथा राष्ट्रिय बालअधिकार परिषद्का बालअधिकार स्रोतव्यक्ति श्री स्वस्तिका पोखरेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ को काम, कर्तव्य र यसले हाल सम्म गरेका कार्यहरुको प्रगतीका विषयमा कार्यक्रमका अध्यक्ष एवं केन्द्रका प्रदेश समन्वय अधिकृत श्री सुमन अधिकारीले प्रकाश पार्नुभएको थियो । कार्यक्रममा बालबालिकाको तर्फवाट बालसञ्जालकी बालबालिकाको क्षेत्रमा विगतमा महत्वपूर्ण योगदान पुर्याउनुभएका विराटनगर २ निवासी श्री ताराचन्द खेतान र धरान १६ निवासी श्री सकुन्तला सुव्वालाई प्रमुख अतिथी, कार्यक्रमका अध्यक्ष, तथा अतिथीहरुवाट सम्मान पत्रद्वारा सम्मानित गरिएको थियो । कार्यक्रम स्थलमा रहेको विभिन्न साझेदार संस्थाहरुको फोटो तथा कार्यहरुको प्रदर्शनी रहेको थियो ।

**संखुवासभा जिल्लामा बालदिवस मनाईयो ।**

कन्सोर्टियम नेपालको सदस्य संस्था मकालु त्रिशक्ति समुह नेपाल(माट्स नेपाल)को आयोजना र खाँदवारी नगरपालिकाको सहकार्यमा नगरस्तरीय अन्तरबालक्लव बक्तृत्वकला प्रतियोगिता कार्यक्रमको आयोजना गरी मनाईएको छ । कार्यक्रम माट्स नेपालका अध्यक्ष नविन दाहालको अध्यक्षता र खाँदवारी नगरपालिकाका उपप्रमुख महेश्वरा श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १. बालक्लब पुर्नगठन तथा बालबालिकाहरुको स्वमको भुमिका अभिभावकको भुमिका र बालअधिकार,बाल संरक्षण बाल सहभागीताका सबालहरुमा अनुशिक्षण कार्यक्रम



बाल सहभागिताको मर्मलाई प्रत्याभूत गराउने, बालबालिकासँग सरोकार राख्ने विषय तथा योजना तर्जुमादेखि कार्यान्वयनको तहसम्म बालबालिकाको अर्थपूर्ण सहभागिताको दिगो आधार सृजना गराउँदै अर्थपूर्ण बाल सहभागिताको प्रत्याभूतिको लागी तथा बाल स्वाबलम्बन समुह पुर्नगठन र अर्थपुर्ण परिचालन को निम्ति बालक्लब पुर्नगठन तथा बालबालिकाहरुको स्वमको भुमिका अभिभावकको भुमिका र बालअधिकार,बाल संरक्षण बाल सहभागीताका सबालहरुमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

### २. कचहरी नाटक प्रस्तुत



कचहरी नाटक प्रदर्शन मार्फत समाजमा बालबालिकामाथि हुने सबै प्रकारका हिंसा र दुव्यवहार न्यूनिकरण गर्न टेवा पुऱ्याउने र.समुदायमा कचहरी नाटक प्रदर्शन मार्फत सचेतना फैलाउने उद्देश्यका साथ कचहरी नाटक प्रस्तुत गरिएको थियो ।

### ५ इको क्लब गठन र परिचालन सहयोग

वाताबरण संरक्षण,जलवायु परिवर्तन न्युनीकरण र अनुकुलन वाल सहभागीताको प्रवर्द्धन गर्ने इको क्लब गठन र परिचालन सहयोग कार्यक्रम संचालन गरिएको थियो । बालबालिकाहरुको लागी बिद्यालयमा अर्गानिक खेती तथा आधुनिक कृषि प्रबिधि सम्बन्धि सिकाई वाताबरण सुनिश्चित गर्ने लक्ष्य राखेको थियो ।

## ६. बाल क्लबहरुको निम्ति कचहरी नाटय समुह गठन र परिचालन



समुदायमा बाल अधिकार वाल वातावरण र जलवायु परिवर्तनले निम्ताएका चुनौतीहरुको सामाना गर्न वालवालिकाहरुको सशक्तिकरण गर्ने यस कार्यक्रमको आयोजन गरिएको थियो । जलवायु परिवर्तनले निम्ताएका बालअधिकार प्रत्याभुतिका चुनौतीहरु सम्बन्धि समुदायमा चेतना अभिबृद्धि गर्ने लक्ष्य राख्दै कार्यक्रम सम्पन्न भएको थियो ।

## ७. समुदायमा चेतनामुलक अभियान संचालन गर्ने

बाल अधिकार, समुदायमा लैङ्गिक विभेद, जातिय छुवाछुत, कुपोषण,बाल हिंसा,दुरब्यबहार नयुनहिरण गर्न समुदायम चेतना अभिबृद्धि गर्ने र समुदायमा बालपोषण र अर्गानिक खाद्यन्न तरकारी उत्पादन उपभोगको महत्व बारेमा चेतना प्रदान गर्ने लक्ष्य राख्दै समुदायमा चेतनामुलक अभियान कार्यक्रम सम्पन्न भयो ।

## ९.स्थानिय,जिल्ला र प्रदेश स्तरमा सरोकारवाला समक्ष वालपोषण सुधार र बिद्यालयमा बालबालिकाहरुका लागी अर्गानिक खेती प्रबिधि सिकाई वातावरण सुनिश्चित गर्न वकालती कार्य संचालन



बालबालिकाहरुको पोषण स्थिती सुधार गर्ने उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरिएको थियो । साथै बिद्यालयमा बालबालिकाहरुको लागी कृषि र अर्गानिक खेती प्रबिधि एवं वातावरण संरक्षण र जलवायु अनुकुलन सम्बन्धि आधारभुत ज्ञान,सिप सुनिश्चत गर्न बिद्यालयको पाठ्यक्रममा कृषि बिषयलाई अनिवार्य रुपमा समाबेश गर्न वकालती एवं दवाव सिर्जन गर्नु कार्यक्रमको लक्ष्य रहेको थियो ।

## १०. राष्ट्रिय बाल दिवस

बिद्यालय पढ्न सहयोग गरेका बालबालिकाहरुको निम्ति बिद्यालय पोशाक तथा शैक्षिक सामाग्री बितरण गरिएको थियो । राष्ट्रिय बाल दिवसको अवसर पार्दै बालबालिकाहरुबाट नै समुदायमा सचेतना अभिबृद्धिको लागी लागु पदार्थ र यसको प्रभाव बिषयमा कचहरी नाटक प्रस्तुत गरिएको थियो ।

## ११. गाउँपालिका स्तरिय बाल अधिकार समिति पुनर्गठन

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकामा गाउँपालिका स्तरिय बाल अधिकार समिति पुनर्गठन भएको छ । तीनपाटन-१० को वडा अध्यक्षको संयोजकतामा १५ जना सदस्यको समिति गठन भएको छ जसमा १ जना बालक र १ जना बालिकाको प्रतिनिधित्व साथै अर्थपूर्ण सहभागीता सुनिश्चित गरिएको छ ।

## १२. बाल दिवसको अवसरमा कार्यक्रमको कार्ययोजना

गोलन्जोर गाउँपालिका वडा नं. ३ र ६ को समुदाय स्तरीय बाल क्लबबाट



प्रतिनिधित्व गर्दै २८ जना बालबालिकाले बाल दिवसको अवसरमा कार्यक्रमको कार्ययोजना निर्माण गरेका छन् । उक्त योजना पश्चात् गाउँपालिका स्तरीय बाल सञ्जालले बाल दिवसको अवसरमा र्‍यालि कार्यक्रम संचालन गरी स्थानीय सरकारको ध्यानाकर्षण गरेका छन् । उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, तथा अन्य जनप्रतिनिधिहरूको सक्रिय सहभागितामा सम्पन्न भएको छ । बालबालिकाको

नेतृत्वमा सञ्चालन हुँदा कार्यक्रमहरु थप प्रभावकारी भएको छ । तीनपाटन गाउँपालिका स्तरिय बाल सञ्जालको बैठकको निणर्यबाट राष्ट्रिय बाल दिवसका अवसरमा तीनपाटन गाउपालिकाको टोलहरुमा बाल क्लबकाको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्न योजना निर्माण । तीनपाटन गाउपालिकाको ४, ५, ६, ७, ८, १० र ११ नं वडाहरुमा बाल क्लबको आयोजनामा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु जस्तै वालविवाह, बालश्रम विरुद्दको र्‍याली, वक्तित्वकला प्रतियोगिता कार्यक्रम आयोजना तथा सम्पन्न भएको छ । बालबालिकाको सकृयतामा कार्यक्रमहरु सञ्चालन भएको हुनाले गाउँपालिकालाई बजेट तथा कार्यक्रम छुट्याउन थप प्रेरित भएको तीनपाटन गाउँपालिकाको अध्यक्षले बताउनु भएको छ ।

## १३. खेलकुद तथा शैक्षिक सामाग्री वितरण

तीनपाटन-७ को २ वटा बाल क्लबलाई सकृय गराउन रिलिफ नेपाल र वल्ड भिजन इन्टरनेसनल नेपालको साझेदारीमा खेलकुद तथा शैक्षिक सामाग्री वितरण गरिएको छ । त्यसैगरी, रुपान्तरण साथी सहजकर्ता/अलुम्नाइको सहजीकरणमा ७ वटा बाल क्लब गठन गरिएको छ, जसमा ११६ जना बालबालिका आबद्ध भएका छन् । यसका साथै, बाल अधिकार र बाल संरक्षण सम्बन्धी अभिमुखिकरण कार्यक्रम पनि सम्पन्न भएको छ ।



## कन्सोर्टियम नेपालले सेप्टेम्बर २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 30th September 2024: स्थानीय तहमा बाल अधिकार संरक्षण तथा प्रवर्दन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | |
| २ | 9th September 2024: Progress to achieving the targets and roadmap for revising NDC. | YAE |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल

**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com